# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकद्धारा अन्तर्राष्ट्रिय QR भुक्तानी सेवा सुरु

मिति: २०८१/०४/०३

मुक्तिनाथ विकास बैंक लिमिटेडले डिजिटल भुक्तानीलाई सहज तथा विस्तार गर्ने क्रममा अन्तर्राष्ट्रिय क्युआर भुक्तानी सेवा सुचारु गरेको छ। बैंकले फोन-पे सँगको सहकार्यमा यो सेवा सुरु गरेको हो ।



यो सेवा सुचारु पश्चात भारतीय ग्राहकहरुले भिम (BHIM) र फोन-पे लगाएतका भारतीय भुक्तानी सेवा प्रदायकको माध्यमबाट मुक्तिनाथ विकास बैंक अन्तर्गतका मर्चेन्टहरुमा राखिएको क्यू आर कोड (QR Code) स्क्यान गरी डिजिटल रुपमा रकम भुक्तानी गर्न सकिने व्यवस्था मिलाईएको छ । यस प्रकारको सेवाहरुले भारतीय पर्यटकहरुलाई नगद बोक्ने झनझट नभई नेपाल र भारत बिचको आर्थिक तथा पारस्परिक सम्बन्धलाई अझ सुदृढ बनाई नेपालको आर्थिक तथा पर्यटन क्षेत्रको विकासमा समेत महत्वर्पूण भुमिका निर्वाह गर्ने अपेक्षा रहेको बैंकले जनाएको छ ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा तथा *मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागि: ९८०११९००२२, कर्जा सेवाको लागि: ९८०११९००२३)* आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग

Winner of EUROPEAN MICROFINANCE AWARD